# *नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज*
# *को*
# *विधान (२०७१)*

प्रस्तावना :- नेपालमा सिचाइ र निकास व्यवस्थापन विकासका कार्यहरुमा संलग्न व्यक्ति तथा संस्थाहरुका गतिविधिहरुलाई **ICID** सँगको समन्वयमा एकत्रीत गरी थप उपलब्धी हासील गरी व्यवस्थीत गर्नका निमित्त **नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज** नामक एक विशुद्ध मुनाफारहित गैरसरकारी सामाजिक संस्थाको स्थापना गर्न वाञ्छनीय भएकोले संस्था दर्ता ऐन, २०३४ को अधिनमा रही यो विधान तयार गरी लागु गरिएको छ ।

**परिच्छेद १.**
**प्रारम्भिक**

१. **संस्थाको नाम :**

यस संस्थाको नाम : "**नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज" रहनेछ । अंग्रेजीमा "Nepal National Committee on Irrigation & Drainage" रहनेछ ।** छोटकरीमा **NENCID** भनिनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :
यस संस्थाको कार्यालय ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वार्ड नं. ६ मा रहनेछ ।

(ख) संस्थाको कार्यक्षेत्रः
यस "**नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज**" संस्थाको कार्यक्षेत्र ललितपुर जिल्लाको, ललितपुर उपमहानगरपालिका, नगरपालिका तथा सबै गा.वि.स.हरु हुनेछ । आवश्यकताअनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यभित्र कार्यक्षेत्र विस्तार गरिनेछ ।

(ग) प्रारम्भ :
यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(घ) संस्थाको अस्तित्व :
यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित गैर–नाफामूलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ ।

२. **परिभाषा :**

**विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा :**

(क) "विधान" भन्नाले "**नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज**"को विधानलाई सम्झनुपर्दछ ।
(ख) "संस्था" भन्नाले "**नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज**"लाई जनाउँदछ
(ग) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

(घ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

(ङ) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।

(च) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनिमयलाई जनाउँछ ।

(छ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(झ) "स्थानीय निकाय" भन्नाले गा.वि.स., महानगर, उपमहानगर, नगरपालिका र जि.वि.स.लाई जनाउनेछ ।

**३. संस्थाको छाप र चिह्न :**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिह्न हुनेछ । छाप र चिह्न अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिह्न पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद २
## उद्देश्य

**४. संस्थाको उद्देश्य :**

**संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :**

क) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) नेपालभित्र इरिगेशन, ड्रेनेज, रिभर ट्रेनिङ्ग र बाढी नियन्त्रणका प्रविधिहरुको विकास र कार्यान्वयनलाई प्रवर्धन गर्ने,

ग) सिचाइ, ढल निकास, नदि छेकवार र वाढी नियन्त्रण सम्बन्धित सुचना तथा जानकारीहरु वितरण र आदान प्रदान गर्न इन्टरनेशनल कमिसन अन इरिगेशन एण्ड ड्रेनेज (क्ष्ऋक्ष्म्) र यसको केन्द्रिय कमिटीसँग समन्वय र सहकार्य गर्ने,

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

**यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :**

(क) संस्थाले नेपालको प्रचलित कानून बमोजिम सम्बन्धित निकायवाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्नेछ वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) समान उद्देश्य भएका नेपाल तथा अन्य मुलुकका सरकारी-गैरसरकारी संघ संस्थाहरुसित मैत्रिपुर्ण सम्बन्ध स्थापना गर्ने र विचार सुचना, ज्ञान तथा पाठ्य सामाग्रीहरुको आदान प्रदान गर्ने ।

(घ) संस्थालाई आवश्यक पर्ने कर्मचारी, प्राविधिक विशेषज्ञ तथा सल्लाहकारहरुको नियुक्त तथा तीनको सेवा शर्तहरु निर्धारण गर्नेछ ।

(ङ) छलफल, तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान, प्रकाशन, प्रर्दशनी तथा प्रचार प्रसार गर्नेछ

(च) कानुनी व्यक्तिले धारण गरेको संगठित संस्थाले गर्न सक्ने कुनै वा सबै काम, कर्तव्य गर्ने र अधिकार प्रयोग गर्ने ।

(छ) संस्थाको हित संरक्षण्का लागि यस विधान र प्रचलित कानुनद्धारा प्राप्त अख्तियार उपयोग गर्ने ।

(ज) सिचाइ र ड्रेनेजका क्षेत्रका लागि आवश्यक प्रविधिको विकास र कार्यान्वयन गर्न आवश्यक अध्ययन अनुसन्धानलाई प्रवर्धन गर्ने ।

(झ) सिचाइ र ड्रेनेजको क्षेत्रमा रहेको **State of art technology** को तयारी र आवाधिक रुपमा विकास गर्ने ।

(ञ) देशलाई आवश्यक सिचाइ र ड्रेनेज सम्बद्ध प्रविधिक अपग्रेडेसनको आवश्यकताको पहिचान गर्ने र उपयुक्त संस्था एवं देशबाट उक्त प्रविधि भित्र्याउन सुझाव उपलब्ध गराउने,

(ट) सिचाइ ड्रेनेजको प्रविधि सम्बद्ध सूचनाहरु देश भरिनै प्रवाह गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ठ) सिचाइ र ड्रेनेजको क्षेत्र सम्बद्ध शिक्षा र तालिमको उपयुक्त प्रबन्ध गर्ने ।

(ड) **ICID** र यसका सम्बद्ध समिति उपसमितिहरुमा नेपालको प्रतिनिधित्व गर्ने ।

(ढ) देशका निजि र सार्वजनिक क्षेत्रमा रहेको प्राविधिक एवं विज्ञान सम्बद्ध संस्थाहरुसँगको सहकार्यलाई प्रवर्धन गर्ने ।

(ण) **ICID** ले प्रायोजन गरेका अन्तराष्ट्रिय कार्यक्रमहरुमा प्रभावकारी प्रतिनिधित्वलाई सूनिश्चित् गर्ने ।

(त) यसै सम्बद्ध सरोकार राख्ने अन्य राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ संस्था तथा **ICID** का राष्ट्रिय समितिहरुसँग सहकार्य गर्ने ।

(ज) उद्देश्यहरु पूरा गर्न आवश्यक पर्ने अन्य क्रियाकलापहरु गर्ने ।

## परिच्छेद ३
## सदस्यता

### ६. सदस्यहरुको वर्गीकरण :

**यस संस्थाका ३ प्रकारका सदस्यहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ :**

(क) साधारण सदस्य :
यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

(ख) मानार्थ सदस्य :
उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहनेछैन ।

(ग) आजिवन सदस्य :
तोकिएको शुल्क तिरी यस संस्थाको कार्य समितिको निर्णयबाट आजिवन सदस्य हुन सक्नेछन् ।

### ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

**यस संस्थाको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :**

(क) नेपाली नागरिक भएको ।

(ख) १८ वर्ष उमेर पूरा गरेको ।
(ग) मानसिक सन्तुलन नगुमाएको ।
(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरिएको ।
(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।
(च) संस्थाको उद्देश्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित रहेको वा रुचि रहेको व्यक्ति, ।
(छ) यस संस्थाको सदस्य हुन इच्छुक सिचाइ र ड्रेनेजसँग सम्बद्ध कुनै पनि व्यक्ति र संस्था यस संस्थाका साधारण सदस्य हुनेछन् ।

**८. संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः**

**देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यताको पद प्राप्त गर्न सक्नेछैन ।**

क) गैर नेपाली नागरिक
ख) १८ बर्ष उमेर पुरा नगरेको ।
ग) मगज बिग्रेको वा बौलाएको ।
घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरिएको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको ।
च) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।
छ) साहुको दामासाहीमा परेको ।
ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्षभित्र ।

**९. सदस्यताको समाप्ति**

**१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य पदमा वहाल रहने छैन ।**

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने अवस्था भएमा ।
ख) साधारण सभाको ७५५ सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।
ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।
घ) संस्थाको काम कारवाहीमा बेइमानी वा बदनीयत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
ङ) यस विधानबमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।
च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।
छ) कुनै स्पष्टिकरण बिना लगातार ३ वटा साधारण सभामा अनुपस्थित रहेमा ।
ज) संस्था विघटन भई खारेज भएमा ।

**२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनुभन्दा अघि संस्थाले निजलाईं सो कुराको सूचना दिई, सफाई पेश गर्ने मौका दिइने छ ।**

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

**यस विधानको दफा ६ बमोजिमका सदस्यहरुले देहायका उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।**

**१)** **साधारण सदस्यः**

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु ५००।- र वार्षिक शुल्क बापत रु ५००।- बुझाई तोकिएको प्रक्रियाअनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नवीकरण शुल्क रु ५००।- बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष असार महिनाको मसान्तभित्र नवीकरण गराई सक्नुपर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ ।

२) साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

**३)** **आजिवन सदस्यहरु :**

आजिवन सदस्य प्राप्त गर्न चाहने व्यक्तिले एकमुष्ठ शुल्क रु. ५,०००/- बुझाई तोकिएको प्रक्रियाअनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा आवेदकलाई सोको कारण सहित को जानकारी दिइनेछ ।

५) सवै सदस्यहरुले यस विधान र विधानअन्तर्गत बनेका नियम र विनिमय बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

६) संस्थाले प्रदान गरेको उपदफा १, २, ३, र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

### ११. साधारण सभाको गठन :

१) यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्न मानार्थ सदस्यहरुबाहेक अन्य सदस्यहरु रहेको संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२) यस संस्थाको साधारण सभा देहायबमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा : वर्षको एकपटक वार्षिक साधारण सभा बस्नेछ ।

ख)	विशेष साधारण सभा : संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाइ) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तिमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्नेछैन ।

३)	यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ. व. समाप्त भएको मितिले छ (६) महिनाभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ (६) महिना भित्र गरिनेछ ।

४)	यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति ,समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सुचना दिइनेछ ।

५)	उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमाजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

६)	साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

**१२)	साधारण सभाको काम कर्तव्य र अधिकार : साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क)	कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।
ख)	लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल् गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।
ग)	आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।
घ)	संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याकंन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।
ङ)	संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा नयाँ कार्य समितिका पदाधिकारीहरुको लागि विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।
च)	कार्य समितिद्वारा पेश भएका विधान संशोधन गर्ने, नियम तथा विनियम स्वीकृत गर्ने ।
छ)	मानार्थ सदस्यता प्रदान गर्ने ।
ज)	कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम कारवाहीको, औचित्य हेरी अनुमोदन गर्ने
झ)	संस्थाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीको दरबन्दी, पारिश्रमिक, भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृत गर्ने ।

**१३.	कार्य समितिको गठन :**

१)	साधारण सभाका सदस्यहरु बाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ग ११ सदस्यीय कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महासचिव | १ |
| कोषाध्यक्ष | १ |

(क) उपरोक्त कार्य समितिमा अध्यक्ष र महासचिव सिचाइ विभागबाट प्रतिनिधित्व गरेका प्रतिनिधिहरु मध्येबाट चयन गरिनेछ ।

(ख) उपाध्यक्ष विभिन्न संघसंस्थाहरुबाट प्रतिनिधित्व गरेका व्यक्तिहरुबाट चयन गरिनेछ ।

२) कार्यसमितिको कार्यकाल ३ बर्षको हुने छ ।

३) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिको सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिनेछ ।

यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकि अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पद पूर्ति गरिनेछ ।

४) कार्यसमितिको बैठक आवश्यकताअनुसार अध्यक्षले बोलाउने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५) कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभई, कार्य समितिको बैठक बस्ने छैन ।

६) कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा अन्य बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८) कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले दस्तखत गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली दस्तखत गर्नुपर्ने छ ।

९) संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समितिको निर्णयवाट हुनेछ ।

१०) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठकविना पनि गर्न सकिनेछ । उपरोक्त बमाजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१४) कार्य समितिको काम कर्तव्य र अधिकार : कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।
२) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने
३) संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।
४) साधारण सभाप्रति उत्तरदायी रहने ।
५) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलव्ध साधन र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।
६) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।
७) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने
८) संस्थाको कर्मचारीहरुको सेवा, शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभावाट स्वीकृत गराई लागु गर्ने गराउने ।
९) संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति अन्य समिति, उप समिति गठन गर्ने र आवश्यकताअनुरुप कार्यको बाँडफाँड गरिदिने ।
१०) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५) पद त्याग गर्न सक्ने :** अध्यक्षले उपाध्यक्षमार्फत कार्य समितिसमक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्षसमक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

**१६) अन्य समितिहरु :**

१) यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकताअनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ र साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनुपर्नेछ ।

२) उपसमितिहरुको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद ५
## पदाधिहरुको काम, कर्तव्य र अधिकार

**१७) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार : कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

**१. अध्यक्षको काम, कर्तव्य र अधिकारः**
क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।
ख) निर्णायक मत दिने ।
ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
घ) संस्थाको नेतृत्व लिने ।
ङ) आवश्यकताअनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।
च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।
छ) अभिलेख प्रमाणित गर्ने ।

**२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार ।**

क) अध्यक्षलाई सहयोग गर्ने ।
ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

**३) महासचिवको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।
ख) अध्यक्षको निर्देशनअनुसार बैठक र सभा बोलाउने ।
ग) अभिलेख सुरक्षित राख्ने ।
घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

**४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।
ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।
ग) लेखा दुरुस्त राख्ने ।
घ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने ।

**५) सदस्यहरुको काम कर्तव्य र अधिकार :**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।
ग) कार्यसमिति अन्तर्गत्का अन्य समिति, उपसमितिलाई प्रभावकारी कार्य सम्पादन गर्न सक्रियता पूर्वक सहयोग गर्ने ।
घ) कार्यसमितिका निर्णयहरु कार्यान्वयन गराउने र अनुगमन गर्ने ।

**१८) गणपूरक संख्या :**

१) कुल सदस्य संख्याको ५१ प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभई साधारण सभाको काम कारवाही हुनेछैन ।
२) तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको २५ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।
३) कार्यसमितिको वैठकको लागि ५१ प्रतिशत उपस्थित हुनुपर्नेछ ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

**१९) संस्थाको कोष :**

१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुने छ र सो कोषमा देहाय वमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :

क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।
ख) कसैले स्वैच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम ।

ग)　संस्थाको चल, अचल सम्पत्तिको बिक्रीबाट प्राप्त रकम ।
घ)　विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम ।
ङ)　नेपाल सरकार वा स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

२)　विदेशि संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिदा संस्थाले समाज कल्याण परिषद्बाट स्वीकृति लिनेछ ।

३)　संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

२०)　**खाता संचालन :** संस्थाको बैंक खाता अध्यक्ष र महासचिवमध्ये १ र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियमअनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

२१)　**कोषको रकम खर्च गर्ने तरिका :** संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क)　संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी खर्च गर्न सकिनेछैन ।
ख)　साधारण सभाबाट परित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ
ग)　कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ
घ)　कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

२२)　**संस्थाको लेखा र लेखा परिक्षण :**

१)　संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।
२)　संस्थाको लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।
३)　नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।
४)　लेखापरीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।
५)　संस्थाको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्यप्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद ७
## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२३　**निर्वाचन सम्बन्धी व्यवस्था :**

१)　कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको निर्णयबाट गठन गरिनेछ ।
२)　निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।
३)　निर्वाचनसम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ

४) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

५) निर्वाचन प्रक्रियामा मतदान गर्नु पर्ने स्थिति सिर्जना भएमा संस्थालाई आधिकारिक रुपमा उपलब्ध गराइएको इमेल ठेगाना वा संस्थाले तोकेको कुनै ठेगानाबाट इ मतदान गराउने व्यवस्था समेत गर्न सकिनेछ ।

**२४) उमेदवार हुने योग्यता : कार्य समितिको उमेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।**

क) यस संस्थाको साधारण सदस्यमा बहाल रहेको ।

ख) संस्थाका उद्देश्य प्रति प्रतिबद्ध रही सामाजिक भावना भएको ।

ग) संस्थाको कामकारवाहीमा निजी स्वार्थ नरहेको ।

**२५ अविश्वासको प्रस्ताव :**

**१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याइ संस्थामा दर्ता गर्नुपर्नेछ ।**

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्दछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्दछ ।

ग) साधारण सभा सदस्यहरु मध्येवाट कम्तीमा १/४ (एक चौथाइ) सदस्यहरुको प्रस्ट नाम थर र ठेगानासहित खुलाई दस्तखत भएको हुनुपर्दछ ।

२) उप दफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।

**३) अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :**

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उप दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहने बढिमा अन्य ३ जना सदस्यहरुलाइ अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्व प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारिहरुलाइ आफ्नो सफाई पेश गर्ने मौकाकोलागि आफ्नो भनाइहरु राख्न अनुमति दिइनेछ ।

**४) अविश्वासको प्रस्तावमाथि निर्णय :**

१) अविश्वासको प्रस्तावउपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ

भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाइ अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर वा

ख) साधारण सभाका सदस्यहरुलाइ अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२) साधारण सभाको कूल सदस्य संख्याको २/३ (दुई तिहाई)बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३) निर्वाचन भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइनेछैन ।

२६) **विधान संशोधन :** कूल सदस्य संख्याको २/३ (दुई तिहाइ) साधारण सभा सदस्यहरुले अनुमोदन गरेपश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजीको लागि स्थानीय अधिकारीसमक्ष सिफारिस गरी पठाउनुपर्नेछ । स्थानीय अधिकारीवाट स्वीकृत भएपश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२७ **नियम बनाउन सक्ने :**

१) संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीहरुलाई सो जानकारी दिनुपर्नेछ

२) यो विधान र विधान अर्न्तगत बनेको नियमको अधीनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारीको व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाइ लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

२८) **कर्मचारीको व्यवस्था :**

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सृजना, पारिश्रामिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने, कार्यन्वयन विदेशी सल्लाहकार वा स्वयं सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधी, पुर्‍याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइनेछ ।

**२९) संस्था खारेजी :**

१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागी एक वा एकभन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाबकिताब गर्नको लागि एक वा एकभन्दा बढी लेखापरिक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४) यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकि रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३०) व्याख्या :** यो विधान र विधानअन्तर्गत वनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३१) गोप्यता भंग गर्न नहुने :** यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाइनेछैन ।

**३२) ऐन अनुसार हुने** : यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम, र प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

**३३) निर्देशनको पालना :** नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३४) तदर्थ समिति :**

१) यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

२) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्य समितिले गरेका काम कारवाहीहरु यसै विधानसरह भएको मानिनेछ ।

३५) हामी **"नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज" का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौं ।**

| **संस्थापकको नाम, थर, वतन र सहिछाप** | **साक्षीको नाम, थर, वतन र सहिछाप** |
|---|---|
| १. नाम थर : माधव बेल्बासे<br>ठेगाना : दस्तखत :<br>जिल्ला :<br>गा.वि.स / न.पा. :<br>वडा नं. :<br>हाल | १. नाम थर : शुशील चन्द्र तिवारी<br>ठेगाना : दस्तखत :<br>जिल्ला : चितवन<br>गा.वि.स / न.पा. : गुञ्जनगर<br>वडा नं. : ५<br>हाल |
| २. नाम थर : सोमनाथ पौडेल<br>ठेगाना : दस्तखत :<br>जिल्ला : काठमाडौं<br>गा.वि.स / न.पा. : शेषनारायण<br>वडा नं. : ८<br>हाल | २. नाम थर : राजेन्द्र प्रसाद अधिकारी<br>ठेगाना : दस्तखत :<br>जिल्ला : काठमाडौं<br>गा.वि.स / न.पा. : काठमाडौं<br>वडा नं. : २<br>हाल |
| ३. नाम थर : बासुदेव लोहनी<br>ठेगाना : दस्तखत :<br>जिल्ला : चितवन<br>गा.वि.स / न.पा.: भण्डरा<br>वडा नं. : १<br>हाल | ३. नाम थर : मोहन प्र. संग्रौला<br>ठेगाना : दस्तखत :<br>जिल्ला : पाँचथर<br>गा.वि.स / न.पा. : सुमी सिमले<br>वडा नं. : ५<br>हाल |
| ४. नाम थर : नविन मंगल जोशी<br>ठेगाना : दस्तखत :<br>जिल्ला : ललितपुर<br>गा.वि.स / न.पा. : ललितपुर<br>वडा नं. : १६<br>हाल | ४. नाम थर : विनोद कुमार तिमिल्सिना<br>ठेगाना : दस्तखत :<br>जिल्ला : काठमाडौं<br>गा.वि.स / न.पा. : सिनामंगल<br>वडा नं. : ३<br>हाल |
| ५. नाम थर : शिव कुमार शर्मा<br>ठेगाना : दस्तखत :<br>जिल्ला : चितवन<br>गा.वि.स / न.पा. : मंगलपुर<br>वडा नं. : ६<br>हाल | ५. नाम थर : देवराज निरौला<br>ठेगाना : दस्तखत :<br>जिल्ला : सर्लाही<br>गा.वि.स / न.पा. : हरिवन<br>वडा नं. : ७<br>हाल |
| ६. नाम थर : रामा नन्द अहिर<br>ठेगाना : दस्तखत :<br>जिल्ला : कपिलवस्तु<br>गा.वि.स / न.पा. : बहादुरगंज<br>वडा नं. : २<br>हाल | ६. नाम थर : प्रमोद कुमार श्रेष्ठ<br>ठेगाना : दस्तखत :<br>जिल्ला : सुनसरी<br>गा.वि.स / न.पा. : धरान<br>वडा नं. : १०<br>हाल |
| ७. नाम थर : खेमराज शर्मा आचार्य<br>ठेगाना : दस्तखत :<br>जिल्ला : लमजुङ<br>गा.वि.स / न.पा. :<br>वडा नं. : ५<br>हाल | ७. नाम थर : कृष्ण प्रसाद रिजाल<br>ठेगाना : दस्तखत :<br>जिल्ला : धादिङ्ग<br>गा.वि.स / न.पा. : भुमेस्थान<br>वडा नं. : ६<br>हाल |

| | |
|---|---|
| ८. नाम थर : उत्तमराज तिमिल्सना<br>ठेगाना : दस्तखत :<br>जिल्ला : चितवन<br>गा.वि.स/न.पा. : गिता नगर<br>वडा नं. : ४<br>हाल | ८. नाम थर : कृष्ण प्रसाद पाठक<br>ठेगाना : दस्तखत :<br>जिल्ला : चितवन<br>गा.वि.स/न.पा. : शिवनगर<br>वडा नं. : १<br>हाल |
| ९. नाम थर : शितल बाबु रेग्मी<br>ठेगाना : दस्तखत :<br>जिल्ला : गोरखा<br>गा.वि.स/न.पा. : गोरखकाली<br>वडा नं. : १<br>हाल | ९. नाम थर : बासुदेव तिमिल्सिना<br>ठेगाना : दस्तखत :<br>जिल्ला : काभ्रे<br>गा.वि.स/न.पा. : कोशिखाड<br>वडा नं. : ३<br>हाल : का.म.पा. ३४, नयाँ बानेश्वर |
| १०. नाम थर : शारदा प्रसाद शर्मा<br>ठेगाना : दस्तखत :<br>जिल्ला : झापा<br>गा.वि.स/न.पा. : शान्तिनगर<br>वडा नं. : ४<br>हाल | १०. नाम थर : इजी जि.सी.<br>ठेगाना : दस्तखत :<br>जिल्ला : बाग्लुङ्ग<br>गा.वि.स/न.पा. : सिगाना<br>वडा नं. : १<br>हाल |
| ११. नाम थर : प्रचन्ड प्रधान<br>ठेगाना : दस्तखत :<br>जिल्ला : काठमाडौं<br>गा.वि.स/न.पा. : काठमाडौं<br>वडा नं. : १६<br>हाल | ११. नाम थर : इश्वर नाथ पक्वाँ<br>ठेगाना : दस्तखत :<br>जिल्ला : भक्तपुर<br>गा.वि.स/न.पा. : भक्तपुर<br>वडा नं. : १४<br>हाल : ऐ.ऐ. |

अनुसूचि - १

## संस्थाको छाप र चिह्नको विवरण

श्री स्थानीय अधिकारी ज्यू,                                                                 मिति :
जिल्ला प्रशासन कार्यालय, ललितपुर ।

**विषय :- संस्था दर्ता गरी पाउँ ।**

महोदय,

हामीले निम्न विवरणको सामाजिक संस्था, संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता गर्न चाहेकोले रु १०।- को टिकट टाँसि प्रस्तावित विधानको ४ (चार) प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति समेत यसै साथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौ ।

**विवरण**

१. संस्थाको नाम : **"नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज"**

२. संस्थाको ठेगना : यस संस्थाको कार्यालय ललितपुर जिल्ला, ललितपुर उममहानगरपालिका वार्ड नं ६ मा रहनेछ ।

३. संस्थाको टेलिफोन नं. :- ०१-५५२७१५१

४. संस्थाको मूलभूत उद्देश्य :

क) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) नेपालभित्र इरिगेशन, ड्रेनेज, रिभर ट्रेनिङ्ग र वाढी नियन्त्रणका प्रविधिहरुको विकास र कार्यान्वयनलाई प्रवर्धन गर्ने,

ग) सिचाइ, ढल निकास, नदि छेकवार र वाढी नियन्त्रण सम्वनधीत् सुचना तथा जानकारीहरु वितरण र आदान प्रदान गर्न इन्टरनेशनल कमिसन अन इरिगेशन एण्ड ड्रेनेज (**ICID**) र यसको केन्द्रिय कमिटीसँग समन्वय र सहकार्य गर्ने,

५. प्रवन्ध समितिका पदाधिकारी :

| क्र सं | नाम, थर | संस्थाको पद | स्थायी वतन | पेशा | दस्खत |
|---|---|---|---|---|---|
| १ | माधव वेल्वासे | अध्यक्ष | | | |
| २ | सोमनाथ पौडेल | उपाध्यक्ष | | | |
| ३ | बासुदेव लोहनी | महासचिव | | | |
| ४ | नविन मंगल जोशी | कोषाध्यक्ष | | | |
| ५ | शिव कुमार शर्मा | सदस्य | | | |
| ६ | रामानन्द अहिर | सदस्य | | | |
| ७ | खेमराज शर्मा आचार्य | सदस्य | | | |
| ८ | उत्तम राज मिमिल्सेना | सदस्य | | | |
| ९ | शितल बाबु रेग्मी | सदस्य | | | |
| १० | शारदा प्रसाद शर्मा | सदस्य | | | |
| ११ | प्रचण्ड प्रधान | सदस्य | | | |

भवदीय

दस्तखत
संस्थाको अध्यक्ष

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय
ललितपुर ।

मिति

विषय :- संस्था दर्ता सिफारिस गरी पाउँ ।

महोदय,
हामीले निम्न विवरणको सामाजिक संस्था, संस्था दर्ता ऐन, २०३४ वमोजिम सामाजिक संस्था खोल्न चाहेकोले जिल्ला प्रशासन कार्यालय काठमाडौंको नाममा सिफारिस पाउन प्रस्तावित संस्थाको विधानसहित यो निवेदन पेश गरेका छौं । संस्था दर्ता भई यस जिल्लामा आफ्नो कार्य गर्दा जिल्ला विकास समिति काठमाडौंसँग समन्वय गरी कार्य गरिने प्रतिवद्धता समेत जाहेर गर्दछौं ।

## विवरण

१. संस्थाको नाम "**नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज**"

२. संस्थाको मूलभूत उद्देश्य :
   - क) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।
   - ख) नेपालभित्र इरिगेशन, ड्रेनेज, रिभर ट्रेनिङ्ग र वाढी नियन्त्रणका प्रविधिहरुको विकास र कार्यान्वयनलाई प्रवर्धन गर्ने,
   - ग) सिचाइ, ढल निकास, नदि छेकवार र वाढी नियन्त्रण सम्बनधीत् सुचना तथा जानकारीहरु वितरण र आदान प्रदान गर्न इन्टरनेशनल कमिसन अन इरिगेशन एण्ड ड्रेनेज (**ICID**) र यसको केन्द्रिय कमिटीसँग समन्वय र सहकार्य गर्ने,

३. प्रबन्ध समितिका पदाधिकारी :

| क्र सं | नाम, थर | संस्थाको पद | स्थायी वतन | पेशा | दस्खत |
|---|---|---|---|---|---|
| १ | माधव वेल्वासे | अध्यक्ष | | | |
| २ | सोमनाथ पौडेल | उपाध्यक्ष | | | |
| ३ | बासुदेव लोहनी | महासचिव | | | |
| ४ | नविन मंगल जोशी | कोषाध्यक्ष | | | |
| ५ | शिव कुमार शर्मा | सदस्य | | | |
| ६ | रामानन्द अहिर | सदस्य | | | |
| ७ | खेमराज शर्मा आचार्य | सदस्य | | | |
| ८ | उत्तम राज मिमिल्सेना | सदस्य | | | |
| ९ | शितल बाबु रेग्मी | सदस्य | | | |
| १० | शारदा प्रसाद शर्मा | सदस्य | | | |
| ११ | प्रचण्ड प्रधान | सदस्य | | | |

४. आर्थिक स्रोत :- संस्थाको विधानको परिच्छेद ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. कार्यालयको ठेगाना :- यस संस्थाको कार्यालय ललितपुर जिल्ला, ललितपुर उममहानगरपालिका वार्ड नं ६ मा रहनेछ ।

६. पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्ने र सक्कल देखाउनु पर्ने ।

७. पदाधिकारीहरुले दस्तखत गरेको विधान सक्कल एक प्रति पेश गर्नुपर्ने ।

८. निर्णयको छाँयाप्रति

९. सम्बन्धित स्थानिय निकायको सफिारिस पत्र

१०. फाइल सहित पेश गर्नुपर्नेछ ।

भवदीय
संस्थाको अध्यक्ष

आज मिति २०७२/   /   गतेका दिन हामी देहायका व्यक्तिहरुको उपस्थितीमा ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ६ स्थित संस्थाको कार्यालयमा बसेको बैठकले देहायका बिषयहरुमा छलफल गरीदेहाय अनुसार निर्णय गरियो ।

**उपस्थिति :** **हस्ताक्षर**

| | | |
|---|---|---|
| १ | माधव वेल्वासे | |
| २ | सोमनाथ पौडेल | |
| ३ | बासुदेव लोहनी | |
| ४ | नविन मंगल जोशी | |
| ५ | शिव कुमार शर्मा | |
| ६ | रामानन्द अहिर | |
| ७ | खेमराज शर्मा आचार्य | |
| ८ | उत्तम राज मिमिल्सेना | |
| ९ | शितल बाबु रेग्मी | |
| १० | शारदा प्रसाद शर्मा | |
| ११ | प्रचण्ड प्रधान | |
| १२ | सागर कुमार राई | |
| १३ | सुशील चन्द्र तिवारी | |
| १४ | नुर मोहम्मद खाँ | |
| १५ | कृष्ण बेल्बासे | |
| १६ | राम चन्द्र बस्ताकोटी | |
| १७ | बासुदेव तिमिल्सिना | |
| १८ | इजी जि.सी. | |

उपरोक्त उपस्थितीमा संचालन हुन गई रहेको बैठकको अध्यक्षता गर्नको लागि श्री माधव वेल्वासे को नाम प्रस्ताव हुदाँ सर्व सम्मतीबाट समर्थन जनाई निजको अध्यक्षतामा बैठकको काम कारवाही अगाडी बढाइयो ।

**छलफल गरिने विषयहरु :**

१. सामाजिक संस्था दर्ता गर्ने सम्बन्धमा ।
२. संस्थाको नाम र ठेगाना सम्बन्धमा ।
३. संस्थाको कार्यक्षेत्र निर्धारण सम्बन्धमा ।
४. संस्थाको उद्देश्य र कार्यहरु निर्धारण सम्बन्धमा ।
५. संस्थाका तदर्थ (प्रबन्ध) समिति गठन गर्ने सम्बन्धमा ।
६. संस्थाको अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
७. संस्थाको विधान बनाउने सम्बन्धमा ।

**<u>निर्णय नं. १</u>**

सामाजिक संस्था दर्ता गर्ने सम्बन्धमा छलफल हुदाँ **"नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज"** नामक सामाजिक संस्था दर्ता गर्नका लागि श्री जिल्ला प्रशासन कार्यालय ललितपुरमा लैजाने निर्णय गरियो ।

**<u>निर्णय नं. २</u>**

संस्थाको नाम र ठेगाना सम्बन्धमा छलफल हुदाँ तपसिल बमोजिमको नाम र ठेगाना कायम गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संस्थाको नाम | : | **"नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज"** |
| संस्थाको ठेगाना | : | ललितपुर जिल्ला, ललितपुर उममहानगरपालिका वार्ड नं ६ मा रहनेछ । |

**<u>निर्णय नं. ३</u>**

संस्थाको कार्य क्षेत्र सम्बन्धमा छलफल हुदाँ निम्न बमोजिम हुने निर्णय गरियो ।
यस संस्थाको कार्यक्षेत्र काठमाडौं जिल्ला हुनेछ । आवश्यकता अनुसार स्थानीय अधिकारी अनुमती लिई नेपाल राज्य भित्र तथा अन्यत्रपनि कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

**<u>निर्णय नं. ४</u>**

यस संस्थाको उद्देश्यहरु निर्धारण गर्ने सम्बन्धमा छलफल हुदाँ तपसिल बमोजिमका उद्देश्यहरु कायम गर्ने निर्णय गरियो ।

क) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।
ख) नेपालभित्र इरिगेशन, ड्रेनेज, रिभर ट्रेनिङ्ग र वाढी नियन्त्रणका प्रविधिहरुको विकास र कार्यान्वयनलाई प्रवर्धन गर्ने,
ग) सिचाइ, ढल निकास, नदि छेकवार र वाढी नियन्त्रण सम्बनधीत् सुचना तथा जानकारीहरु वितरण र आदान प्रदान गर्न इन्टरनेशनल कमिसन अन इरिगेशन एण्ड ड्रेनेज (क्ष्ऋक्ष) र यसको केन्द्रिय कमिटीसँग समन्वय र सहकार्य गर्ने,

**<u>निर्णय नं. ५</u>**

यस सम्बन्धमा छलफल भई उपस्थित सम्पूर्ण महानुभावहरूको देहायबमोजिमको दतर्थ (प्रबन्ध) गठन गर्ने निर्णय गरियो ।

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | माधव वेल्वासे | अध्यक्ष |
| २ | सोमनाथ पौडेल | उपाध्यक्ष |
| ३ | बासुदेव लोहनी | महासचिव |
| ४ | नविन मंगल जोशी | कोषाध्यक्ष |
| ५ | शिव कुमार शर्मा | सदस्य |
| ६ | रामानन्द अहिर | सदस्य |
| ७ | खेमराज शर्मा आचार्य | सदस्य |
| ८ | उत्तम राज तिमिल्सेना | सदस्य |
| ९ | शितल बाबु रेग्मी | सदस्य |
| १० | शारदा प्रसाद शर्मा | सदस्य |
| ११ | प्रचण्ड प्रधान | सदस्य |

**निर्णय नं. ६**

निर्णय नं. १ बमोजिम "**नेपाल नेशनल कमिटी अन इरिगेशन एण्ड ड्रेनेज**" नामक एक सामाजिक संस्थाको स्थापना गर्ने निर्णय पारित भई सकेकोले सो दर्ता सम्बन्धी विभिन्न निकाय तथा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा उपस्थित भई पत्राचार गर्न, आवश्यक संशोधन एवं हस्ताक्षर गर्न र यस संस्थालाई प्राप्त हुने कागजातहरु बुझिलिनका लागि ना.प्र.नं. ००३।१२६७०००३ भएका श्री बासुदेब लोहनी लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

बैठकको निर्णय अनुसार संस्थाको उद्देश्य प्राप्ति गर्ने मनसायले संस्थाको विधान तयार गरि प्रचलित नियम कानून र प्रकृया अनुसार दर्ता गराउने निर्णय गरियो ।

अन्य विषय नभई छलफलका लागि प्रस्तुत गरिएका विषयहरू उपर छलफल गरी यस बैठक समाप्त भएकोले उपस्थित सम्पूर्ण सदस्य महानुभावहरूलाई बैठकका अध्यक्षज्यूले धन्यवाद दिँदै आजको यस सभा विसर्जन भएको घोषणा गर्नुभयो ।